# रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ : मितिः २०८२/०९/०२

## भाग -२

## रघुगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रघुगंगा,म्याग्दी

**एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२**

# एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना** :रघुगंगा गाउँपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका स्थानीय बासिन्दाहरुकोस्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनको लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा सर्वसाधारण जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२/०८/०४ गतेको बैठकको निर्णयबाट यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कार्यविधिको नाम"**एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि,** २०८२"रहेको छ।

(२)यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस निर्देशिकामा :-

क) "**अध्यक्ष**"भन्नाले रघुगंगा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ख) "**उपाध्यक्ष**"भन्नाले रघुगंगा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

ग) "**गाउँपालिका**"भन्नाले रघुगंगा गाउँपालिकालाई सम्झनु पर्दछ।

घ) "**प्रमुख प्रशासकीय अधिकृत**"भन्नाले रघुगंगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) "**एम्बुलेन्स**"भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको बाहन सम्झनु पर्दछ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँदछ।

च) "**एम्बुलेन्स जनशक्ति**"भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्दछ।

छ) "**सेवा शुल्क**" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनुपर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्दछ।

ज) "**स्वास्थ्य शाखा**" भन्नाले रघुगंगा गाउँपालिका स्वास्थ्य शाखालाई सम्झनु पर्दछ।

झ) "**चालक**" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ।

ञ) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्दछ।

ट) "**सेवा**" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्दछ।

३. **एम्बुलेन्स सेवा सञ्चालन अनुगमन समिति** :(१) एम्बुलेन्स सेवा सञ्चालनको अनुगमन तथा रेखदेख गर्न देहाएको पदाधिकारीहरु रहेको एक गाउँपालिका एम्बुलेन्स सेवा अनुगमन समिति रहनेछ।

गाउँपालिका अध्यक्ष -संयोजक

गाउँपालिका उपाध्यक्ष -सदस्य

सामाजिक कार्यपालिका सदस्य महिला/दलित १/१ जना -सदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

४. **एम्बुलेन्स सेवा व्यवस्थापन समितिः**(१) एम्बुलेन्स सेवाको सञ्चालन तथा व्यवस्थापन गर्न देहाएको एक गाउँपालिका एम्बुलेन्स सेवाव्यवस्थापन समिति रहनेछ।

स्वास्थ्य शाखा प्रमुख -संयोजक

प्रतिनिधि, स्थानीय रेडक्रस सोसाइटी -सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

स्थानीय प्रहरी कार्यालय प्रमुख -सदस्य

स्वास्थ्य शाखाको सहायक कर्मचारी/एम्बुलेन्स सञ्चालन गर्ने स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।समितिको बैठकभत्ता रघुगंगा गाउँपालिकाको कार्यसञ्चालन निर्देशिकाले व्यवस्था गरेबमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था यस कार्यविधि बमोजिम समितले निर्धारण गरेबमोजिम हुनेछ।

५. **एम्बुलेन्स सेवा अनुगमन समितिको काम, कर्तव्य र अधिकार** :दफा (३) बमोजिम गठित एम्बुलेन्स सेवाअनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाए बमोजिमको हुनेछ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने।

(ख) शुल्क उचित छ कि छिन मूल्याङ्कन गर्ने र सुझाव दिने।

(ग)आपतकालीन सेवामा समस्या देखेमा सुझाव दिने।

(घ) कति खर्च भयो, भएको खर्च उचित भए नभएको जाँच गर्ने।

(ङ)व्यवस्था समिति तथा कार्यपालिकासँग समन्वय गर्ने।

(च) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने।यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

६. **एम्बुलेन्स सेवा व्यवस्थापनसमितिको काम, कर्तव्य र अधिकार** : दफा (४) बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाए बमोजिमको हुनेछ।

(क) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाइ र व्यवस्थापन गर्ने।

(ख) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने।सामान्यतयाः एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाईने।

(ग) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(घ) चालकले तोकिएको सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समयसमयमा निरीक्षण गर्ने।

(ङ) इन्धन, मर्मत उपकरण खरिद कार्यमा निर्णय गर्ने।

(च) यस समितिबाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धीको त्रैमासिक प्रतिवेदन कार्यपालिका समेक्ष पेश गर्नु पर्नेछ।

७. **सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले एम्बुलेन्स सञ्चालन समिति रघुगंगा गाउँपालिकाबाट निर्धारण भएको दररेटको आधारमा समयानुकुल र भौगोलिक विकटताका आधारमा दररेट अनुसूची १ मा उल्लेख भए बमोजिमको भाडा भुक्तानी गर्नु पर्नेछ।

२) उपदफा १ बमोजिम उल्लेखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिनेछ। दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ।साथै एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै यस कार्यालयमा बुझाउनु पर्नेछ।

३) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

४) सेवा शुल्क बापत लिईने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता स्वास्थ्य शाखामा राखिनेछ।

५) सेवा दिए बापत लिईने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लग बुक राख्नुपर्नेछ।लग बुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी तोकिएको स्वास्थ्य चौकीको सिफारिसमा स्वास्थ्य शाखा प्रमुखको हुनेछ।

८. **विशेष वर्गलाई दिईने सुविधाः**(१)गर्भवती महिलालाई बर्थिङ्ग सेन्टर सम्म ल्याउन वा लैजान एकपटकका लागि गाउँपालिकाले निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सक्नेछ। बर्थिङ्ग सेन्टरमा सुत्केरी हुन नसक्ने अवस्था भएको भनि सम्बन्धित बर्थिङ्ग सेन्टरबाट प्रेषण भएमा प्रदेश अस्पताल बेनी म्याग्दी सम्म ल्याउन वा लैजान पर्ने भएमा एकपटक लागि गाउँपालिकाले निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा १ मा उल्लेखित वर्गलाई म्याग्दी जिल्ला भन्दा बाहिर अन्य जिल्लामा लैजानुपर्ने भएमा आवश्यकता निर्धारण गरी तोकिएको दररेटमा पचास प्रतिशत शुल्क छुट दिन सकिनेछ ।

(३)एम्बुलेन्स सेवा प्रदान गर्दा सुत्केरी,बढी जटिल अवस्थाका बिरामी तथा पहिलो सम्पर्कमा आउने व्यक्ति तथा बिरामीलाई विशेष एवम् पहिलो प्राथमिकता दिईनेछ।

९. **चालकको नियुक्ति र सेवा सुविधाः**(१) गाउँपालिकालेएम्बुलेन्स सेवा सञ्चालनका लागि तोकिए बमोजिमको योग्यता र अनुभवको आधारमा एक जना हलुका सवारी चालक सेवा करारमा नियुक्त गर्नेछ।

(२)सवारी चालकको सेवा तथा शर्तहरुः एम्बुलेन्स चालकले गाउँ कार्यपालिकाको कार्यालयले तोके अनुसार तलब सुविधा पाउनेछ।

(३) सवारी चालकले दैनिक खाजा खर्च बापतको रकम रू ३००/- (तिन सय रुपैयाँ) पाउनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि टाढा जानु परि उतै बास बस्नु परेमा रसिद प्रमाण पेश गरेमा निजलाई दिनको हिसाबले दैनिक भ्रमण भत्ता दिइनेछ।

१०.**एम्बुलेन्स चालकको आचरणः**(१)एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता देहाए बमोजिमका हुनेछ।

(क)एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ लाई पुर्णतः पालना गर्नुपर्ने।

(ख)आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने।

(ग)प्रत्येक सात-सात दिनमा जम्मा भएको रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने।

(घ)मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने।

(ङ)बिरामीको ओसार पसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने।

(च)आफूले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने।

(छ)आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने।

(ज)कुनैपनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने।

(झ)बिरामीलाई बीच बाटोमा छोड्न नहुने।

(ञ)आफ्नो कामको सिलसिलामा पाएका कुनैपनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने।

(ट)अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोगपुग्ने तथाअनुसन्धानमामद्दतपुर्‍याउनुपर्ने।

(ठ)आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने।

(ड)नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने। प्रचलित कानूको पूर्ण पालना गर्नुपर्ने साथै सवारी चालकले अनुसूची-२मा उल्लेख गरिए बमोजिमकोप्रतिबद्धता समेत जाहेरगर्नुपर्नेछ।

११. **एम्बुलेन्स व्यवस्थापन खर्च** : (१)रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले एम्बुलेन्स व्यवस्थापनका लागि आवश्यक बजेट रकमगाउँसभाबाट व्यवस्थापन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बजेट रकमबाट वार्षिक रुपमा एम्बुलेन्स मर्मत सम्भार, एम्बुलेन्सका लागि इन्धन, चालकको पारिश्रमिक बाहेकको अन्य सुविधा, एम्बुलेन्सको बिमा तथा नविकरण र एम्बुलेन्ससँग सम्बन्धित अन्य आवश्यक विषयहरुमा खर्च गर्न सकिनेछ ।

१२.**एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभारः**(१)एम्बुलेन्स रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलयमारहनेछ।

(२) प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

१३. **विविध** : (१)एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(२) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूची-१**

**दफा (७) को (१) सँग सम्बन्धित**

**रघुगंगा गाउँपालिकामा सञ्चालित एम्बुलेन्स सेवा शुल्कको दररेट**

| **क्र.सं.** | **वडा नं.** | **देखि** | **सम्म** | **दररेट** |
|---|---|---|---|---|
| १. | १ | बेनी | बेगखोला | ११७५ |
| २. | १ | बेनी | तिप्ल्याङ्ग | १४१० |
| ३. | १ | बेनी | बाँदुक | ४६९० |
| ४. | १ | बेनी | बेगखोला हुँदै घात्पा | २८१५ |
| ५. | १ | बेनी | बेगदेउराली-०१ नं. वडा कार्यालय | ३६६० |
| ६. | १ | बेनी | भगवती हुँदै सिमफाँट | ३९९० |
| ७. | १ | बेनी | शिरुबारी | ४५५० |
| ८. | २ | बेनी | भगवती खेल मैदान | १६९० |
| ९. | २ | बेनी | हटिया २ नं. वडा कार्यालय र थापाटोल, जैसीखोर | १८८० |
| १०. | २ | बेनी | सिजलगाउँ-रुइसेटोल | २३४५ |

| | | | | |
|---|---|---|---|---|
| ११. | २ | बेनी | साझापानी-सेतीकाठा | २२५५ |
| १२. | २ | बेनी | पन्चासे | २८१५ |
| १३. | २ | बेनी | पखटोल | २३४५ |
| १४. | २ | बेनी | ओखरबोट | १५९५ |
| १५. | २ | बेनी | बेगखोला-माझखर्क | ३२८५ |
| १६. | २ | बेनी | ०२ नं. वडा कार्यालय हुँदै माझखर्क | ३२८५ |
| १७. | २ | बेनी | देउपूर्ना | २११० |
| १८. | २ | बेनी | नाँगनागे/घट्ट | २०६५ |
| १९. | २ | बेनी | भिरपाटा | २११० |
| २०. | २ | बेनी | रुइसे | ३२८५ |
| २१. | ३ | बेनी | बगैचा | ९४० |
| २२. | ३ | बेनी | ०३ नं. वडा कार्यालय अर्कला जाने चोक | ११२५ |
| २३. | ३ | बेनी | मिलनचोक-धरमपानी | ११७५ |
| २४. | ३ | बेनी | दुलेपानी | १५०० |
| २५. | ३ | बेनी | भगवती खेलमैदान | १६७० |
| २६. | ३ | बेनी | मालिका | १८८० |
| २७ | ३ | बेनी | अक्षेता | २११० |
| २८. | ३ | बेनी | कलेजबाङ्ग | २३४५ |
| २९. | ३ | बेनी | गोरमाला | २८१५ |
| ३०. | ३ | बेनी | च्यानडाँडा | १४०७ |
| ३१. | ३ | बेनी | मौवाफाँट | १६४० |
| ३२. | ३ | बेनी | फुलबारी-बालिनडाँडा | १८७५ |

| | | | | |
|---|---|---|---|---|
| ३३. | ३ | बेनी | फुलबारी | २०१५ |
| ३४. | ३ | बेनी | सन्सारे | २३४५ |
| ३५. | ३ | बेनी | ०३ नं. वडा कार्यालय | ११७५ |
| ३६. | ३ | बेनी | गोरमाला | २८१५ |
| ३७. | ३ | बेनी | रानीपौवा | १३१५ |
| ३८. | ३ | बेनी | फलायडाँडा | १५०० |
| ३९. | ३ | बेनी | रिसिनचौतारी | २०६५ |
| ४०. | ४ | बेनी | बुक्ल | २३४५ |
| ४१. | ४ | बेनी | दग्नाम | ३५२० |
| ४२. | ४ | बेनी | दर्मिजा | ३९४० |
| ४३. | ५ | बेनी | झिँ | ३५२० |
| ४४. | ५ | बेनी | टोड्के | ४६९० |
| ४५. | ५ | बेनी | फुलडाँडा | ३८४५ |
| ४६. | ६ | बेनी | झिगरुक/फुलडाँडा/औल | ४६९० |
| ४७. | ६ | बेनी | पाखापानी/कमनाथ/थ्रिबाङ्ग | ४६९० |
| ४८. | ६ | बेनी | रातमाटा-पुतपुत-कालाबाङ्ग | ४९२५ |
| ४९. | ६ | बेनी | ठाडाखानी | ७५०४ |
| ५०. | ६ | बेनी | मालिका मन्दिर | ८४४५ |
| ५१. | ६ | बेनी | कोटगाउँ | ५६३० |
| ५२. | ६ | बेनी | उल्लेरी | ६३८० |
| ५३. | ६ | बेनी | रायखोर | ६५६५ |
| ५४. | ७ | बेनी | चिमखोला/मलाङ्ग | ५१६० |

| | | | | |
|---|---|---|---|---|
| ५५. | ७ | बेनी | गौडामुनी-नकलडाँडा | ५६३० |
| ५६. | ७ | बेनी | नामेला | ५८६५ |
| ५७. | ८ | बेनी | नकलडाँडा हुँदै मंगलेगाउँ | ७००० |
| ५८. | ८ | बेनी | दुलेखर्क/घ्याँसीखर्क | ६५६५ |
| ५९. | ८ | बेनी | दुलेखर्क हुँदै मंगलेगाउँ | ७००० |
| ६०. | ८ | बेनी | ढाँड/दुवाडी | ७०३५ |
| ६१. | ८ | बेनी | पात्लेखर्क | ७५०५ |
| ६२. | ८ | बेनी | कुईने | ८४४५ |
| ६३ | | बेनि | पोखरा | ४५५६ |
| ६४ | | बेनि | काठमाडौं | १४०७० |

**नोटः** समय समयमा आवश्यकता अनुसार कार्यपालिकाले तोके बमोजिमदररेट कायम हुने छ। स्थानीय क्षेत्रमा नै सेवा उपलब्ध गराउँदा उल्लेखित दररेटबाट हिसाब कायम गरी सेवा शुल्क लिइनेछ । हाल यस सूचीमा रहेकोदररेटमा स्थानीयका लागि उक्तदररेटको ३३% छुट दिई हुन आउने दरबाट स्थानीय दररेट कायम गरी लागू गरिएको छ।

अनुसूची-२

दफा (१०) को (ड) सँग सम्बन्धित

**माग फारम**

**प्रतिवद्धता पत्र**

म..........................................(नाम)...............................................ठेगाना......................
............................ना.प्र.प.नं..................................................जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं..........................................ले माथिकोउल्लेखित आचारसंहिता गाउँपालिकाबाट अध्ययन गरेकोछु।म्याग्दी जिल्ला रघुगंगा गाउँपालिकाबाट....................................... स्वास्थ्य चौकीलाई व्यवस्थापनको जिम्मा दिइएको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहितापूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु।

**चालकको :रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :**

दस्तखतदस्तखत :

नामःनाम / पद :

मितिःमिति :

**संस्थाको छाप :**

आज्ञाले

कुलराज पौडेल

प्रमुख प्रशासकिय अधिकृत